म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०७ | मंगलबार १३ मंसिर २०७९ | ने. सं. ११४३ थिंलाथ्व | 29 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# बागमती प्रदेश प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा कांग्रेस ठूलो दल

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ बागमती प्रदेशको निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा र प्रदेशसभा दुबै सदनमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल बनेको छ ।

मंसिर ४ गते भएको निर्वाचनमा बागमती प्रदेशबाट प्रतिनिधिसभा र प्रदेशसभा दुबै सदनमा सबैभन्दा धेरै सिट जित्दै कांग्रेस ठूलो दल बनेको हो । पाँच वर्षअघिको निर्वाचनमा तेस्रो रहेको कांग्रेसले यो निर्वाचन आफ्नो निर्वाचन परिणामलाई ३ गुणाले बढाएको छ । प्रदेशको सार्वजनिक भइसकेको मत परिणामका आधारमा यस प्रदेशको सबैभन्दा ठूलो दल कांग्रेस हुने र सरकार सत्ता गठबन्धनको बन्ने देखिएको छ ।

कांग्रेसले यो निर्वाचनमा छलाङ मार्दा एमाले भने तेस्रोमा खुम्चिएको छ । बागमती प्रदेशमा प्रतिनिधिसभाको ३३ र प्रदेशसभाको ६६ वटा निर्वाचन क्षेत्र छन् । जसमा प्रदेशको एक क्षेत्रबाहेक सम्पूर्ण जिल्लाको मतगणना सकिएको छ । प्रदेशका १३ जिल्लामध्ये दोलखामा पुन:मतदान हुने भएको छ । दोलखाबोहक अन्य ३२ वटा प्रतिनिधिसभाको निर्वाचन क्षेत्रमा कांग्रेसले १३ स्थानमा जीत हात पारेको छ । २०७४ को निर्वाचनमा कांग्रेसले प्रतिनिधिसभामा ४ सिट मात्रै जितेकोमा यो निर्वाचनमा उसले सो संख्यालाई ३ गुणाले बढाएको छ । कांग्रेसले काठमाडौंमा ५ तथा सिन्धुली, रामेछाप, रसुवा, नुवाकोट, भक्तपुर, ललितपुर, धादिङ र सिन्धुपाल्चोकमा एक-एक सिट जितेको छ ।

कांग्रेसले काठमाडौंको १, ३, ४, ५ र १० नम्बर क्षेत्र, ललितपुर-२, धादिङ-२, नुवाकोट-२, सिन्धुपाल्चोक-२, सिन्धुली-२ र भक्तपुर-२ नम्बर क्षेत्रमा चुनाव जितेको हो । त्यस्तै, कांग्रेसले एक मात्र निर्वाचन क्षेत्र रहेको रसुवा र रामेछापमा पनि चुनाव जितेको छ । ०७४ मा बाम गठबन्धन हुँदा प्रदेशको आधाभन्दा बढी सिटमा जितेको एमाले भने अहिले ४ सिटमा खुम्चिएको छ । सो समयमा एमालेले बाम गठबन्धन हुँदा प्रदेशको २१ वटा सिटमा जितेको थियो । एमाले काठमाडौं, मकवानपुर, ललितपुर, काभ्रेमा एक-एक गरी ४ स्थानमा निर्वाचित भएको छ ।

एमालेले काठमाडौं-९, मकवानपुर-२, काभ्रे-२ र ललितपुर-२ नम्बर क्षेत्रमा जितेको छ । अघिल्लो निर्वाचनमा पहिलो बनेको एमालेलाई तेस्रो स्थानमा झार्दै राष्ट्रिय स्वतन्त्र पार्टी बागमती प्रदेशबाट प्रतिनिधि सभामा धेरै सिट जित्ने दोस्रो पार्टी बनेको छ । हालै गठित सो पार्टीले प्रतिनिधिसभातर्फ बागमती प्रदेशको ७ क्षेत्रमा चुनाव जितेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले काठमाडौंको २, ६, ७, ८, ललितपुर-३, चितवनको १ र २ नम्बर क्षेत्रमा चुनाव जितेको छ । यस्तै माओवादी केन्द्र पनि यसपटकको निर्वाचनमा ४ सिटमा सीमित भएको छ। यसअघिको निर्वाचनमा माओवादी केन्द्रले प्रदेशका ७ वटा क्षेत्रमा जितेको थियो । नेकपा माओवादी केन्द्रले सिन्धुली, नुवाकोट, काभ्रे र सिन्धुपाल्चोकमा एक-एक सिट गरी ४ सिट जितेको छ । माओवादीले नुवाकोट-१, सिन्धुली-१, काभ्रे-१ र सिन्धुपाल्चोक-१ मा जितेको हो । राप्रपाले मकवानपुर-१ र चितवन-३ मा चुनाव जितेको छ भने एकीकृत समाजवादीले धादिङ-१ मा चुनाव जितेको छ । यस्तै, नेपाल मजदुर किसान पार्टीले विगतको आफ्नो विरासत जोगाउँदै भक्तपुर-१ मा जित निकाल्न सफल भएको छ । बागमती प्रदेशअन्तर्गत्का १३ जिल्लाका प्रदेशसभातर्फको ६६ निर्वाचन क्षेत्रमध्ये ६४ निर्वाचन क्षेत्रको अन्तिम मत परिणाम आइसकेको छ । दोलखाको २ वटा निर्वाचन क्षेत्रबाहेक प्रदेशको अन्य ६४ निर्वाचन क्षेत्रको मत परिणाम आइसकेको हो ।

हालसम्म सार्वजनिक भएको मत परिणामअनुसार बागमती प्रदेशको प्रदेशसभामा नेपाली कांग्रेसले सबैभन्दा बढी सिट जितेको छ । कांग्रेसले २४ सिट हात पार्दा माओवादी केन्द्र १४ सिटसहित दोस्रो स्थानमा रहेको छ । नेकपा एमालेले १२ सिटमा जित हात पारेको छ ।

गत २०७४ को निर्वाचनमा बागमती प्रदेशमा एमाले सबैभन्दा ठूलो दलको रूपमा रहेको थियो । प्रत्यक्षतर्फ नै ४२ सिटमा जित हात पारेको एमाले समानुपातिक सहित ५९ सांसद्सहित स्पष्ट बहुमतमा रहेको थियो । तत्कालीन समयमा वाम एकता गरेर चुनाव लडेको एमाले र माओवादी केन्द्रले प्रत्यक्षतर्फ ४२ र १७ सिट जित्दा कांग्रेस ७ सिटमा सीमित बनेको थियो । सो निर्वाचनमा कांग्रेसले काठमाडौंको ४ वटा क्षेत्र, मकवानपुर, रसुवा र सिन्धुलीको एक क्षेत्रमात्र जित्न सकेको थियो । यो पटको निर्वाचनमा भने एमाले खुम्चिएको छ । यो निर्वाचनमा एमालेले प्रत्यक्षतर्फ १२ सिटमात्र जितेको छ । २०७४ मा बाम गठबन्धनमा रहेको अर्को दल माओवादी केन्द्रले २०७४ को निर्वाचनमा १५ स्थानमा जितेको थियो। यस निर्वाचनमा भने माओवादी केन्द्रले १४ वटा क्षेत्रमा जित निकालेको छ । यस्तै राप्रपाले ७ सिट, नेकपा एकीकृत समाजवादीले ५ सिट, हाम्रो नेपाली पार्टी र नेमकिपाले ११ सिट जितेको छ ।

हाम्रो नेपाली पार्टीले बागमती प्रदेशसभामा पहिलोपटक प्रवेश पाउने भएको छ भने राप्रपाबाट पनि पहिलोपटक प्रत्यक्ष निर्वाचित सांसद् प्रदेशसभा जाने भएका छन् । राप्रपाले यसपटक प्रत्यक्षमा सात सिटमात्र जितेको छ । अघिल्लो पटक बागमती प्रदेशसभामा राप्रपाबाट दुई जना समानुपातिक सांसद्मात्रै थिए । तर, यो निर्वाचनमा राप्रपाले प्रत्यक्षरूपमा नै ७ सिटमा सानदार जीत हात पारेको छ ।

# नवनिर्वाचित सांसद् बर्तौलाद्वारा हेटौंडाको मल गोदाम अनुगमन

साझाकुरा संवाददाता



हेटौंडा, १२ मंसिर/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट नवनिर्वाचित प्रतिनिधि सभा सदस्य महेश बर्तौलाले हेटौंडाको सरकारी मल गोदाममा अनुगमन गरेका छन् ।

सोमबार मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट प्रतिनिधि सभामा निर्वाचित भएको प्रमाणपत्र बुझेपछि बर्तौलाले हेटौंडास्थित कृषि सामाग्री कम्पनि लिमिटेडको मल गोदाममा गएर निरीक्षण गरेका हुन् । सांसद् बर्तौलाले किसानहरुले पर्याप्त मल समयमै नपाउनुको कारण, मलको भण्डारण स्थितिबारे जानकारी लिएका थिए ।

किसानहरुलाई आवश्यक परेको समयमा मल नपाउने समस्याले अप्ठेरो पारिरहेको भन्दै सहजसँग मल वितरण गर्न बर्तौलाले निर्देशन दिएका छन् । किसानले समयमा नै मल नपाएको गुनासो बढेकाले आफू आएको उनले बताएका थिए । किसानहरुलाई तत्काल मल वितरण गर्न निर्देशन दिएको उनले बताए ।

कृषि सामग्री कम्पनि लिमिटेको हेटौंडा-२ सिद्धार्थ रोडस्थित गोदाममा बर्तौलासँगै इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी (डीके)पनि उपस्थित थिए । मकवानपुर जिल्लाका दश वटा स्थानीय तहका लागि ल्याइएको मल गोदाममै थन्किन नहुने बर्तौलाले बताए । कृषि सामाग्री कम्पनि लिमिटेडका प्रमुख प्रकाश ज्ञवालीले स्थानीय तहका कर्मचारी र सहकारी संस्थाहरुका कारण समयमा नै मल वितरण गर्न समस्या भएको सांसद् बर्तौलालाई जानकारी गराए ।

मल आइसकेको विषयमा कार्तिकको अन्तिम साता पत्राचार गरिएको र अहिलेसम्म हेटौंडा उपमहानगरपालिकाभन्दा बाहेकका क्षेत्रका स्थानीय तहले समयमा नै समन्वय नगर्दा मल वितरणमा समस्या भएको जनाइएको छ ।

किसानलाई आवश्यक परेको समयमा तत्काल मल वितरण गर्ने वातावरण तयार गर्नका लागि सांसद् बर्तौलाले निर्देशन दिए । गोदाम भरी मल भएपनि किसानले मल पाउन नसकेको समस्या छ । जिल्लाका ६० प्रतिशत किसानहरुले आलु लगाइसकेकाले उनीहरुले पनि समयमै पर्याप्त मल नपाएको जनाइएको छ ।

जिल्लाका हेटौंडा, मकवानपुरगढी, मनहरी, बकैया लगायतका पालिकामा यतिबेला आलु लगाउने चटारो छ । तर, किसानहरुले सहजसँग मल नपाउँदा कालोबजारीको मल बढी मूल्य तिरेर खरिद गर्नु परेको गुनासो गरेका छन् ।

# बागमती प्रदेशमा १७२ जना कर्मचारी माग

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ बागमती प्रदेश लोक सेवा आयोगले १७२ जना कर्मचारी माग गरेको छ ।

सोमबार गोर्खापत्र दैनिकमा सूचना प्रकाशन गर्दै प्रदेश लोक सेवा आयोगले १७२ जना कर्मचारी माग गरेको हो । आयोगले सातौ र आठौं तहका कर्मचारी माग गरेको प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेशमान श्रेष्ठले बताए । लोकसेवा आयोगले बागमती प्रदेशका विभिन्न मन्त्रालयका १२७ जना र स्थानीय तहको लागि ४५ जना कर्मचारी माग गरेको छ । विशेषगरी कृषिका विभिन्न समूह, वन क्षेत्रका समूह, स्थानीय स्वास्थ्यका समूह, इन्जिनियरिङ क्षेत्रका कर्मचारीहरु माग गरिएको छ ।

यस्तैगरी, हेटौंडा अस्पताल (मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान)ले पनि कर्मचारी माग गरेको छ । अस्पतालले आइतबार एक सूचना जारी गर्दै विभिन्न ७ पदमा १३ जना कर्मचारी माग गरेको हो । सार्वजनिक सूचना अनुसार कन्सल्टेण्ट सर्जन चार जना, कन्सल्टेण्ट एनेस्थेसियोलोजिस्ट, मेडिकल अफिसर र कन्सल्टेण्ट जेनेरल फिजिसियन दुई/दुई जना माग गरेको छ । त्यस्तै, कन्सल्टेण्ट रेडियोलोजिस्ट, कन्सल्टेण्ट डर्मालोजिस्ट र अर्थेपेडिक सर्जन एक/एक जना माग गरेको छ । नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा उत्तीर्ण गरेको र एन.एम.सी प्राप्त भएको हुनुपर्ने सूचनामा उल्लेख छ । परीक्षाको किसिम लिखित र अर्न्तवाता हुनेछ । अनुभवीलाई विशेष प्राथामिकता दिइने सूचनामा भनिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन दिन सकिने सूचनामा उल्लेख छ । यसअघि प्रतिष्ठानअन्तर्गत् हेटौंडा अस्पतालको नवनिर्मित भवनबाट सेवा प्रवाह गर्नको लागि विभिन्न तहका १४९ जना कर्मचारीहरु माग गरेको थियो ।

**हार्दिक बधाई तथा शुभकामना**



**दीपकबहादुर सिंह**
(प्रतिनिधिसभा सदस्य, मकवानपुर-१)



**महेशकुमार बर्तौला**
(प्रतिनिधिसभा सदस्य, मकवानपुर-२)



**प्रेमबहादुर पुलामी**
(प्रदेशसभा सदस्य)
मकवानपुर-१ (क)



**एकालाल श्रेष्ठ**
(प्रदेशसभा सदस्य)
मकवानपुर-१ (ख)



**कुमारी मोक्तान**
(प्रदेशसभा सदस्य)
मकवानपुर-२ (क)



**ईन्द्र बा. बानियाँ**
(प्रदेशसभा सदस्य)
मकवानपुर-२ (ख)

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ बाट क्रमश: प्रतिनिधिसभाको सदस्य र प्रदेशसभा सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँहरुको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

भीमप्रसाद गौतम (अध्यक्ष) एवम्
**नेपाल अटो ई-रिक्सा व्यवसायी संघ, परिवार**
हेटौंडा, मकवानपुर



साझाकुरा

## हाम्रो कुरा

# बालबालिकालाई चिसोबाट जोगाऔं

जाडो मौसम सुरु भइसकेको छ । मौसममा विस्तारै चिसोपन बढ्दै गएको छ । प्रदुषण निकै बढेको छ । यो अवस्थामा बालबालिकालाई बिभिन्न स्वास्थ्य समस्या देखा पर्न सक्छन् । चिकित्सकहरुका अनुसार चिसो मौसममा रुघाखोकी लाग्ने, सास फेर्न गाह्रो हुने, टन्सिल बढ्ने, ज्वरो आउने, वान्ता हुने, पखाला लाग्ने आदि । पहिले निमोनिया तथा दमको समस्या भएका बालबालिकालाई झनै गाह्रो हुन्छ । कहिलेकाँही एक्कासी सास फेर्न गाह्रो हुने, कोखा हान्ने, घ्यारघ्यार हुने, ओंठ/जिब्रो/औंला निलो हुने आदि । यस्ता लक्षण देखिएमा तुरुन्त अस्पतालमा लैजानु पर्दछ । हेलचेक्र्याँई गर्नु हुँदैन । अस्पतालमा अक्सिजन, बाफ, नशाबाट औषधि आदि दिँदा छिटो निको हुन्छ । हामी नेपालीहरु यस्ता लक्षण देखिए पनि आफैं मेडिकलमा गएर औषधि किन्न थाल्छौं । त्यसो गरेर समय र स्वास्थ्य दुबै नष्ट गर्नुहुँदैन ।


बालबालिकालाई दिउँसो घाममा राख्ने, बिहानदेखि रातिसम्म मनतातो झोल पदार्थ खुवाइरहने, न्यानो कपडा लगाइदिने, कान, घाँटी तथा छाती र हातखुट्टामा न्यानो कपडा लगाइदिने, फ्लु तथा निमोनियाको खोप लगाउने, ज्वानो, अदुवा, बेसार, तुलसी, कागतीपानी पकाएर पटकपटक खुवाउने, सन्तुलित आहार खुवाउने तथा घाम नलागेको बेला न्यानो ब्लांकेट वा सिरकभित्र राख्नुपर्दछ । बच्चा सुत्ने कोठामा झ्यालढोका बन्द गरेर कोइला बालेर सुत्नु हुँदैन । रातो भएको कोइला वा हिटरले न्यानो बनाउने तर सुत्नेबेला ती कोइला कोठाबाहिर राख्नुपर्दछ । कोठाको भेन्टिलेसन अलिअलि सँधै कायम गर्नुपर्दछ । प्रोटिन तथा भिटामिन सी भएका खाना खुवाउनुपर्दछ ।

अलिअलि लक्षण देख्नासाथ नजिकको चिकित्सकलाई भेटेर स्वास्थ्य परीक्षण गराउने तथा उहाँले दिएका औषधि नियमले खुवाउँदा आकस्मिक अवस्थाको सामना गर्नुपर्ने अवस्था नगण्य हुन्छ । तापक्रम, स्वासप्रश्वास तथा अक्सिजनको मात्रा नियमित नाप्नु राम्रो हुन्छ । यस्तो बेला धामीझाँक्री, जान्ने, हेर्नेजस्ता कुराको पछि लाग्नुहुँदैन । जति धैरै सुविधा छ, त्यस्तो स्वास्थ्य संस्थामा उपचार गराउनु बुद्धिमानी हुन्छ ।

# निर्वाचनको परिणाम र आगामी राजनीतिक परिदृश्यहरू



नरनाथ पाण्डे



नेपालमा भरखरै प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भएको छ । तत्कालीन प्रधानमन्त्री केपी ओलीले आफूलाई आफ्नै पार्टीका व्यक्तिले काम गर्न नदिएको कारण देखाउँदै आफ्नै दुई तिहाइको सरकार बनाउने भन्दै संविधान विपरित संसद विघटन गरेका थिए । संसद विघटन पनि एकपटक मात्र होइन,दुई दुईपटक विघटन गरी नयाँ कीर्तिमान कायम गरेका थिए ।

अदालतको आदेशले प्रधानमन्त्री बनेका शेरबहादुर देउवाको नेतृत्वमा निर्वाचन सम्पन्न भएको छ । अहिलेको निर्वाचनको परिणाम अनपेक्षित र मिश्रित प्रकारको देखिएको छ । यसमा व्यापक समीक्षासमेत सबै दलहरूमा भइरहेको छ ।

यस निर्वाचनबाट अधिकतम फाइदा काँग्रेसले हात पारेको छ । संसदमा सबैभन्दा ठूलो दलका रुपमा स्थापित भएको काँग्रेसलाई गठबन्धनबाट निकै फाइदा पुगेको र यसपटक एमालेलाई साइजमा ल्याउने हैसियत राख्ने दलको रुपमा देखिएको छ । काँग्रेसबाट गृहमन्त्री रहेका बालकृष्ण खाँड,कृष्ण सिटौला,विजय गच्छदार जस्ता नेताहरूको हार भएता पनि काँग्रेसलाई यो निर्वाचनले समग्रमा फलिफापै भएको छ ।

यतिबेला राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी पनि जवर्जस्त ढंगले अस्तित्वमा देखा परेका छन् र राष्ट्रिय पार्टीको मान्यता प्राप्त गरिसकेका छन् । राप्रपा पुरानै पार्टी भएता पनि गत निर्वाचनमा एउटा मात्र सिटमा प्रत्यक्ष चुनाव जितेको र राष्ट्रिय पार्टीको मान्यता समेत पाएको थिएन । तर पाँच वर्षमा राप्रपाले संवैधानिक राजतन्त्र हुनुपर्ने र धर्म निरपेक्षता खारेज गर्नुपर्ने मागसहित हिन्दू सनातन धर्म मान्नेहरूको मन जितेर केही ठूलो पार्टी बन्ने सौभाग्य पाएको छ ।

त्यस्तै भरखरैमात्र निर्वाचन आयोगमा दल दर्ता गरी युवा जोश र जाँगरका साथ लोकप्रिय घोषणापत्र जारी गर्दै रवि लामिछानेको नेतृत्वमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी नयाँ पार्टीका रुपमा खबरदारी गर्न संसदमा देखा पर्ने भएको छ । काठमाडौं,चितवन लगायत देशका अधिकांश सहरी क्षेत्रमा निकै लोकप्रिय मत हासिल गर्न सफल रास्वपा भविष्यमा यही रफ्तारमा जान सके भारतको केजरीवालकै आम आदमी पार्टीजस्तै नबन्ला भन्न सकिन्न ।

यतिमात्र नभई राप्रपा र राजपा यी दुई पार्टीले सरकार बनाउने र गिराउने कसरत गरेमा राम्रो भूमिका निर्वाह गर्न सक्ने अवस्थामा समेत देखा परेका छन् । अबका ठूला भनिएका पार्टी काँग्रेस, एमाले र तेस्रो शक्तिको रुपमा रहेको माओवादी दलले राप्रपा वा रास्वपालाई अलग गरी सरकार बनाउन नसक्ने अवस्थामा पुगेका छन् ।

उता नेकपाबाट फुटेर बनेको एकीकृत समाजवादी पार्टीले भने प्रत्यक्षतर्फ प्रतिनिधि सभामा १० स्थानमा विजय हासिल गरेता पनि थ्रेसहोल्डको लागि चाहिने तीन प्रतिशत मत पनि प्राप्त गर्न नसक्ने सम्भावना भएको छ । राष्ट्रिय पार्टीको पहिचान पनि पाउन नसक्ने अवस्थामा पुगेको माधव नेपाल नेतृत्वको यो पार्टी निकै अप्ठेरोमा परेको र एमालेसँग फुटको कारण प्रस्ट पार्न नसकेको पुष्टि भएको छ ।

यति मात्र नभई नेकपा एसका सम्मानित नेता तथा पूर्व प्रधानमन्त्री झलनाथ खनाल,उपमहासचिव जगन्नाथ खतिवडा,पूर्व मन्त्री विरोध खतिवडा तथा पूर्व मन्त्री रामकुमारी झाँक्री जस्ता नेताले समेत हार व्यहोर्नु परेपछि यस पार्टीमा ठूलो संकट देखा परेको अवस्था छ ।

उतातिर एमाले देशकै लोकप्रिय मत हासिल गर्ने पार्टी बन्दा त्यसबाट अलग भएको पार्टी र एमाले सिध्याउने प्रमुख उद्देश्यमा लागेको पार्टीको समानुपातिकमा लज्जाजनक मत आउनुले नेकपा एस अब अस्तित्वको लडाइंमा रहेको छ । १० वटा सांसद आफूसँग भएता पनि त्यति ठूलो अर्थ नराख्ने अवस्थामा यो पार्टी पुगेको छ ।

यसैगरी एमालेका ईश्वर पोखरेल, शंकर पोखरेल, प्रदीप ज्ञवाली, राजन भट्टराई, विशाल भट्टराई, अग्नि खरेल, भानुभक्त ढकाल, शेरधन राई र महेश बस्नेत जस्ता हेभिवेट उमेदवारको पराजयले एमाले समेत सन्तुष्ट हुन सकेको छैन । समानुपातिक मतमा सबैभन्दा बढी मत ल्याएर लोकप्रियता हासिल गरी केही सांसद थप्न सफल भए पनि एमालेले चाहेजस्तो र ओलीले भनेजस्तो आफ्नो पार्टीको मात्र एकल बहुमत वा दुई तिहाइको सरकार बनाउने सफलता हात पार्न सकेन ।

आफ्नो पार्टी फुटेर कुनै फरक नपर्ने, निर्वाचनबाट यसलाई पुष्टि गरिने र आफ्नै नेतृत्वमा दुई तिहाइको सरकार बनाउन सकिने दावा सहित चुनावमा होमिएको ओली नेतृत्वको एमालेलाई समेत ठूलो झट्का लागेको छ । अनि फुटको प्रस्ट असर एमालेले नस्वीकारे पनि छरपष्ट देखिएको अवस्था छ । देशको संघीय राजधानीमा पकड बनाइरहेको एमाले यसपटक काठमाडौंबाट हात धोएर शुन्यमा रहनुपर्ने भएको छ ।

कमल थापाले सूर्य चिह्न लिएर लड्दा पनि असाध्यै अलोकप्रिय भई पराजित हुनु पनि कमल थापा र एमालेका लागि सुखद होइन । यति हुँदाहुँदै पनि एमाले वृत्तमा एसमाजवादीको हारलाई खुच्चिङ्ग गर्दै सन्तोषको सास फेर्नुलाई मुख्य उपलब्धि ठानिएको छ ।

उता मधेसमा राजनीति गर्ने दलहरू पनि यो पटकको निर्वाचनले साइजमा आएका छन् । कुनैबेला अलग मधेस प्रदेशको माग लिएर सशस्त्र राजनीतिमा होमिएका थिए सिके राउत । उनी नेतृत्वको जनमत पार्टी तत्कालीन प्रधानमन्त्री केपी ओलीको कार्यकालमा सरकार सँग संवाद गरी शान्तिपूर्ण राजनीतिमा आएपछिको पहिलो निर्वाचनमा राम्रो सफलता हासिल गर्दै संसदमा प्रवेश गरेको छ ।

अन्य मधेस केन्द्रित दलहरूमा समेत ठूलो प्रभाव परेको छ । जहिले पनि संसद र सत्ताको स्वाद चाख्दै आइरहेका मधेसका बहुचर्चित अनुहार उपेन्द्र यादव र राजेन्द्र महतो यो निर्वाचनमा पराजित भएका छन् भने जनता समाजवादी पार्टीबाट अलग भई बनेको लोकतान्त्रिक समाजवादी पार्टी पनि त्यति प्रभावशाली बन्न सकेन ।

उता पश्चिम क्षेत्रमा रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी भने निर्वाचनको परिणामले मधेस, थरुहटको राजनीतिमा स्थापित हुने अर्को क्षेत्रीय पार्टी भएको छ । उसले दलका ३ र एक स्वतन्त्र गरी ४ जना प्रतिनिधि सभामा र ७ जना प्रदेश सभामा प्रतिनिधि पठाउन सफल भएको छ । समग्रमा मधेस केन्द्रित दलहरू एकापसमा टुटफुट हुँदै जाँदा यस पटक त्यसको फाइदा काँग्रेसले लिन सफल भएको छ । मधेसमा सबैभन्दा बढी मत काँग्रेसले पाएको छ भने कम्युनिष्ट पार्टीहरू यस पटकको चुनावमा सबै ठाउँमा गिर्दो अवस्थामा रहेको देखिन्छ । यस्तै मिश्रित परिणाम सबै प्रदेशहरूमा देखा परेको अवस्था छ । सबै प्रदेशमा कसैको पनि एकल बहुमत आएको छैन भने रास्वपाले प्रदेशमा उमेदवारी नदिएका कारण प्रदेश सरकारमा रास्वपाको कुनै भूमिका रहने देखिँदैन ।

यो चुनावी परिणामको परिचर्चा पछि अब भविष्यमा नेपालमा देखा पर्न सक्ने राजनीतिक परिघटनाहरूको परिदृश्य यस्तो देखिने सम्भावना रहेको छ:

- एकल बहुमतको सरकार बन्ने सम्भावना नदेखिएका कारण अबका केही दिन गठबन्धन वा महागठबन्धनको अभ्यास दलहरूमा हुनेछ ।
- दलहरूमा एक अर्काको अस्तित्व स्वीकार नगर्ने परिपाटी भएका कारण सरकारमा जाने, राजनीतिक नियुक्ति लिने,संसदमा विभिन्न समितिमा रहने, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र अन्य निकायमा रहने पदाधिकारी छनौटमा किचलो उत्पन्न भई देशको विकास निर्माण पछाडि धकेलिने देखिन्छ ।
- निकै रस्साकस्सीपछि सरकार बने तापनि सांसदहरूको अंकगणितका आधारमा हुने भएकाले एक अर्कामा मनमुटाव हुने अधिक सम्भावना रहनाले सरकारले गति लिने देखिँदैन ।
- संसदमा नयाँ जोश जाँगरले भरिपूर्ण सांसदहरूको आवाजले संसद थर्किएता पनि काम गर्ने शैली र ढर्रामा कुनै परिवर्तन नआउने सम्भावना देखिन्छ । किनकि ठूला दलहरूले यी आवाज बुलन्द गर्ने सांसदलाई कतै स्थान नदिनाले उनीहरूले काम गर्न नपाउँदा आक्रोशित बन्ने सम्भावना देखिन्छ ।
- संविधानमै दुई वर्ष सरकार विरुद्ध विश्वासको मत ल्याउन नपाइने व्यवस्था छ । बहुमत कसैको नपुगेकाले दुई वर्षपछि संसदमा पुन: खैलाबैला मच्चिने र सरकार फेरबदलको अवस्थामा दलहरू पुग्नेछन् । यसले सत्ताको लुछाचुँडी देखिनेछ ।
- मन्त्रालयको संख्या बढाउने चलखेल यस पटक पनि हुनेछ ।
- दलहरू बिचको व्यापक मनमुटाव र ध्रुवीकरणका कारण मध्यावधि निर्वाचनमा देशलाई लैजाने सम्भावना पनि देखिन्छ ।
- देश विकासमा एक ढिक्का हुनुपर्नेमा सरकार बनाउने र गिराउने खेलमा दलहरू लाग्नाले जनताले सोंचेअनुसार विकास नहुने भएकाले जनतामा वितृष्णा जाग्नेछ ।
- उता प्रदेशमा पनि कुनै पार्टीको एकल सरकार नबन्ने भएका कारण सरकारकै फेरबदलमा दिन व्यतित भई जनतामा संघीयताप्रति झन् बढी वितृष्णा जागृत हुने देखिन्छ ।
- पुराना दलहरूका कमजोरी केलाउँदै आफ्नो पार्टी मजबुत बनाउने दिशामा रास्वपा,राप्रपा र अन्य साना दलहरू लाग्नेछन् । जसले गर्दा आगामी निर्वाचनमा जनआधार तयार भई नयाँ पार्टीहरू चुनावमा होमिंदा नयाँ पार्टीहरूको बढी जित्ने सम्भावना देखिन्छ ।
- समग्रमा आगामी पाँच वर्ष पनि नेपाली जनताका लागि खासै सुखद रहने देखिँदैन ।

*(साभार: रातोपाटी)*

# गठबन्धनको इमानदारी

माधवी भट्ट

निकै उत्साहका साथ गठबन्धन गरेर निर्वाचनमा होमिएका सत्तारूढ दलहरूले आशानुरूप परिणाम ल्याउन सकेनन् । अनपेक्षित मत परिणामका कारण गठबन्धनमा रहेका पाँच दलहरूबीच अहिले शीतयुद्ध सुरु भएको छ । नेपाली कांग्रेस सत्तारूढ गठबन्धनको पक्षमै रहे पनि नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) को धारणा प्रस्ट भइसकेको छैन ।

प्रारम्भिक मत परिणामकै आधारमा यी दुई दलका कतिपय नेताले लोकतान्त्रिक गठबन्धन प्रत्युत्पादक रहेको टिप्पणी भने गरिसकेका छन् । माओवादी र एकीकृत समाजवादीका केही नेताले त वाम एकताका लागि भित्रभित्र नेकपा (एमाले) सँग सम्पर्क पनि बढाइरहेको बुझिन्छ । चुनावी प्रचारप्रसारका क्रममा लामो समय गठबन्धनलाई निरन्तरता दिने वाचा गरेका दलहरूले मतपत्रको मसी सुक्न नपाउँदै अर्को समीकरणका लागि आवाज उठाउनु अनैतिक मात्र होइन, मतदाताप्रतिको बेइमानी र धोका पनि हो । किनकि सबै पार्टीले प्राप्त गरेको मतमा गठबन्धनको भावनाको प्रतिनिधित्व भएको छ ।

अघिल्लो निर्वाचनबाट देशकै ठूलो दल बनेको एमालेले पनि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनता समाजवादी पार्टी (जसपा) सँग चुनावी गठबन्धन गरेको थियो । राप्रपा र जसपासँग गठबन्धन गरेको एमालेले चुनाव अघि र पछि लगातार नेपाली कांग्रेससँग सहकार्य गर्न सकिने अभिव्यक्ति दिइरहेको छ । माओवादी र समाजवादीसँग सहकार्यको वातावरण मिलाउन एमालेले कांग्रेस कार्ड प्रयोग गरेको बुझ्न कठिन छैन । वाम गठबन्धनका कारण अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ ८२ सिट प्राप्त गर्न सफल एमाले अहिले झन्डै त्यसको आधा सिटमा खुम्चिन पुगेको छ । यो क्षति पूरा गर्न जस्तोसुकै गठबन्धन गर्ने छुट एमालेलाई पनि छैन । एमालेले कांग्रेस कार्ड प्रयोग गरेपछि माओवादी र समाजवादी हच्किएका छन् । परिणामस्वरूप सत्तारूढ गठबन्धनको निरन्तरताका लागि छलफल गर्ने निष्कर्षमा कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पुगेका छन् । यद्यपि माओवादी नेता वर्षमान पुन र देव गुरुङ लगायतले वाम एकताका लागि प्रयत्न गर्ने सार्वजनिक अभिव्यक्ति दिइसकेका छन् ।

यति बेला सत्तारूढ र विपक्षी दुवै गठबन्धनले निर्वाचनपूर्वका कमीकमजोरीको समीक्षा गर्न, आआफ्ना पार्टीको एकल सामर्थ्य र प्राप्त मतको मूल्यांकन गर्न र निर्वाचनले ल्याएको नयाँ जागरण वा सन्देशलाई आत्मसात् गर्दै भावी रणनीति बनाउन जरुरी छ । राजसंस्था ब्युँताउने मूल एजेन्डा भएको पुरातनपन्थी राप्रपाको राष्ट्रिय राजनीतिमा पुनरागमन भएको छ । सैद्धान्तिक धार र वैचारिक प्रस्टताबिना नै प्रदेशसभा खारेजीको एजेन्डा लिएर निर्वाचनमा होमिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसद् र सरकार निर्माणमा हस्तक्षेप गर्न सक्ने गरी उदाएको छ । पूर्वी मधेशमा २०६२/६३ को आन्दोलनपछि सशक्त बनेका क्षेत्रीय राजनीतिक दलहरू लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जसपालाई खुम्च्याउँदै कुनै समय विखण्डनकारी भनिएका सीके राउतको जनमत पार्टीले केही सिट हात पारेको छ । पश्चिम तराईमा थरुहट आन्दोलनको जगमा अघि बढेको रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीले पनि जनमत बटुलिरहेको छ । राजसंस्था शिरमा बोकेको राप्रपा होस् वा प्रदेशसभाको खारेजीको एजेन्डा बोकेको रास्वपा, दुवैको मतले संविधानमाथि धावा बोलेको छ । यो कांग्रेस, एमाले, माओवादी र एकीकृत समाजवादीका लागि साझा चुनौती हो । जनमत र जनमुक्ति पार्टीले आआफ्नो भूगोल र समुदायप्रति राष्ट्रको ध्यान खिचेका छन् ।

अप्रत्याशित रूपमा विकसित भएका घटनाक्रमको सूक्ष्म विश्लेषण नै नगरी गठबन्धनभित्रको आरोप-प्रत्यारोपले मात्र निकास दिन सक्दैन । राप्रपाको पुनरुदयमा एमालेको विशेष भूमिका भए पनि कांग्रेस र माओवादीको भूमिकालाई पनि नकार्न सकिँदैन । रास्वपाले मुख्य रूपमा कांग्रेससँग असन्तुष्टहरूको मत बढी बटुलेको भए पनि एमाले र माओवादीका विद्रोहीहरूले पनि घण्टी नबजाएका होइनन् । खासमा परम्परागत राजनीतिक दलहरूको यथास्थितिवादी चरित्रविरुद्ध आम जनता र तिनै पार्टीका संगठित कार्यकर्ताले गरेको विद्रोहको परिणामस्वरूप देशैभरि सुनिने गरी रास्वपाले घण्टी बजाउन सकेको हो । पुराना दलहरूको पैसामुखी निर्वाचन र भड्किलो प्रचारप्रसारविरुद्ध पनि हो यो जनमत । मधेशका राजपा र जसपाको सत्ताकेन्द्रित र अस्थिर राजनीतिबाट तराईका जनता वाक्क भइसकेकाले जनमत र उन्मुक्ति पार्टीले आकार विस्तार गरेका हुन् ।

एमाले नेतृत्वको विपक्षी गठबन्धनमा एकअर्काविरुद्ध अभिव्यक्ति सार्वजनिक भएका छैनन् । सत्तारूढ गठबन्धनका दुई दल माओवादी र एकीकृत समाजवादीले भने प्रत्यक्ष-अप्रत्यक्ष रूपमा कांग्रेसको मत ट्रान्सफर हुन नसकेका कारण आफूहरू पछि परेको दाबी गरेका छन् । उनीहरूले के बिर्सिएका छन् भने, गठबन्धनमा रहेको मुख्य घटक कांग्रेसले पनि उम्मेदवारी दिएका करिब ४० प्रतिशत सिटमा पराजय भोगेको छ । गत आम निर्वाचनमा संघमा प्रत्यक्षतर्फ २३ सिट मात्र पाएको कांग्रेसले अहिले झन्डै दोब्बर अर्थात् करिब ५६ सिट जित्ने र विगतमा ३७ सिट जितेको माओवादीले अहिले करिब आधा सिट प्राप्त गर्ने देखिएकाले भोट ट्रान्सफर नभएको तर्क अघि सारिएको हो । यहाँनेर बुझ्नुपर्ने के छ भने, २०७४ सालमा आकस्मिक रूपमा गठबन्धन गरेर निर्वाचनमा होमिएका कारण मात्र माओवादी र एमालेलाई प्रत्यक्षतर्फ अत्यधिक जनमत प्राप्त भएको हो । जनताले त्यति बेला वाम गठबन्धनका कारण देशमा राजनीतिक स्थायित्वको अपेक्षा गरेका थिए । वाम गठबन्धन तीन वर्षमै दुर्घटनाग्रस्त भएपछि जनतामा गठबन्धनप्रति मोहभंग भएको देखिन्छ । एमाले, माओवादी र कांग्रेस एकल सामर्थ्यका आधारमा निर्वाचनमा होमिएका भए २०७४ सालको आम निर्वाचनमा कांग्रेस पक्कै पनि २३ सिटमा खुम्चिने थिएन ।

यस निर्वाचनमा एमालेले विभाजनको पीडा खेपेको छ भने माओवादीबाट चोइटिएर एमालेमा विलय भएको समूहले माउ पार्टीलाई धक्का दिएको छ । सत्ता गठबन्धनबाट सबैभन्दा बढी लाभ कमजोर संगठन भएको एकीकृत समाजवादीले लिएको छ । प्रत्यक्षतर्फ जम्मा १९ जनाको उम्मेदवारी दिएको उसले १० सिट जितेको छ, समानुपातिक मतमा भने ३ प्रतिशतको थ्रेस होल्ड कटाउन हम्मेहम्मे परिरहेको छ । कांग्रेस र माओवादीले दिएको साथ र समर्थनप्रति कृतघ्न हुँदै एकीकृत समाजवादीका नेताले भोट ट्रान्सफर नभएकाले आफ्ना उम्मेदवार पराजित हुन परेको छुद्र टिप्पणी गरेका छन् । मत परिणामको वस्तुगत विश्लेषण गर्ने हो भने यस्तो आरोप तथ्य र तथ्यांकभन्दा धेरै पर छ ।

सत्तारूढ र विपक्षी दुवै गठबन्धनले अपेक्षित परिणाम ल्याउन नसक्नुमा एकभन्दा बढी कारणहरू जिम्मेवार छन् । कांग्रेस र कम्युनिस्ट वैचारिक असमानता भएका र समाजको फरक समूहलाई प्रतिनिधित्व गर्ने संगठन हन् । त्यसमा पनि एकीकृत समाजवादी र लोसपा भर्खरै जन्मिएका र जनतामा घुलमिल भइनसकेका पार्टी हुन् ।

*बाँकी पृष्ठ-३ मा....*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर १४ गते बुधबार ३० नोभेम्बर २०२२ । मंसिर सप्तमी शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:३७, सूर्यास्त ५:६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ | तुला | : व्यापारमा नया् योजना बन्नेछ |
| वृष | : अहंकारको भावले काम विगार्नेछ | वृश्चिक | : कठिनाई कम हुनेछ |
| मिथुन | : धार्मिक कार्यको अवसर मिल्नेछ | धनु | : साथीभाइमा मनमुटाव हुनेछ |
| कर्कट | : व्यापार राम्रो चल्नेछ | मकर | : नयाँ काम समय देखिन्छ |
| सिंह | : मानसिक सन्तोष हुनेछ | कुम्भ | : अधुरा काम सम्पन्न हुनेछ |
| कन्या | : धन प्राप्ति हुनेछ | मीन | : सवारी साधनबाट क्षति हुन सक्नेछ |

# बागमती प्रदेशको मुख्यमन्त्रीमा मेरो दाबेदारी स्वभाविक: बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ मकवानपुर प्रदेश सभा क्षेत्र नम्बर २ (ख)बाट निर्वाचित प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँले बागमती प्रदेशको आगामी मुख्यमन्त्रीमा आफ्नो दाबेदारी स्वभाविक रहेको बताएका छन् ।



मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले आयोजना गरेको नवनिर्वाचित सांसदहरूलाई प्रमाणपत्र वितरण गर्ने कार्यक्रमपछि पत्रकारहरूसँग कुरा गर्दै बानियाँले प्रदेशमा कांग्रेस ठूलो पार्टी बन्ने र प्रदेश सरकारको नेतृत्व गर्ने दाबी गरेका हुन् ।

कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहेका बानियाँले कांग्रेस बागमती प्रदेशको सभापतिको हैसियतले संसदीय दलको नेता र प्रदेश सरकारको मुख्यमन्त्रीमा आृनो दाबी स्वाभाविक भएको बताए । बागमती प्रदेशमा कांग्रेस ठूलो दल बन्ने दावी गर्दै बानियाँले ठूलो दलको प्रदेश सभा सभापति भएकोले आृनो संसदीय दलको नेतामा समेत दावी रहेको बानियाँले बताए । उनले विगतमा प्रदेशमा सरकार फेरिने वेलामा भएको सहमतिअनुसार पनि आफु बागमती प्रदेशको मुख्यमन्त्रीको दावेदार भएको उल्लेख गरे ।

प्रदेश सदस्य बानियाँले विगतमा गठबन्धनले बागमती प्रदेशमा सरकार बनाउँदा भएको सहमतीका आधारमा पनि आफु बागमती प्रदेशको पहिलो र एकमात्र मुख्यमन्त्रीको दावेदार रहेको दावी गरे । उनले बागमती प्रदेशमा पार्टीभित्र सहमतिमै आफू संसदीय दलको नेता बन्ने पनि बताए ।

## प्रतिनिधिसभा र प्रदेशसभामा निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनमा मकवानपुरबाट निर्वाचित सांसदहरुलाई मुख्य निर्वाचन अधिकृतको कार्यालय हेटौंडाले प्रमाणपत्र वितरण गरेको छ ।

सोमबार एक कार्यक्रमको आयोजना गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय हेटौंडाले प्रतिनिधि तथा प्रदेश सभा सदस्यहरुको मत परिणाम सार्वजनिक गर्दै निर्वाचितहरुलाई प्रमाणपत्र वितरण गरेको हो । मकवानपुर क्षेत्र नम्बर १ बाट निर्वाचित सदस्य दीपक बहादुर सिंहलाई मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले प्रमाणपत्र हस्तान्तरण गरेका छन् । यस्तै, क्षेत्र २ बाट निर्वाचित सदस्य महेश बर्तौलालाई निर्वाचन अधिकृत मुकुन्दहरी पौडेलले प्रमाणपत्र हस्तान्तरण गरे ।

प्रदेश सभा सदस्य क्षेत्र नम्बर १(क) बाट निर्वाचित सदस्य प्रेम बहादुर पुलामी, १(ख)बाट निर्वाचित सदस्य एकालाल श्रेष्ठ, २ (क) बाट निर्वाचित सदस्य कुमारी मोक्तान र २ (ख)बाट निर्वाचित सदस्य ईन्द्र बहादुर बानियाँलाई प्रमाणपत्र वितरण गरिएको हो । मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाको सभाध्यक्षतामा भएको कार्यक्रममा सहायक निर्वाचन अधिकृत तिर्थराज भट्टराईलगायतको उपस्थिती थियो ।

## वरुण स्टारर 'भेडिया'को तगडा कमाई




एजेन्सी, मुम्बई/वरुण धवन र कृति सेनन अभिनीत फिल्म 'भेडिया' कमाईको मामलामा तगडा देखिएको छ । अजय देवगन स्टारर फिल्म 'दृश्यम २'सँगको प्रतिस्पर्धाको बाबजूद फिल्मको पहिलो विकेन्ड सानदार रह्यो । फिल्मले तीन दिनमा २८ करोड ५५ लाखको सुखद् अंक जोडेको छ । फिल्मले पहिलो दिन ७ करोड ४८ लाख, दोस्रो दिन ९ करोड ५७ लाख र तेस्रो दिनमा ११ करोड ५० लाख कमायो ।

'वर्ड अफ माउथ' राम्रो मिलेका कारण 'भेडिया'ले सोमवार पनि सुखद् कमाई गर्ने आँकलन गरिएको छ । चौंथो दिनबाट फिल्मले ५/७ करोडको कमाईलाई जारी गरेको खण्डमा एक हप्तामा ६० करोडसम्म कमाई गर्न सक्नेछ । 'भेडिया' ६० करोडमै निर्माण भएको हो । यसहिसाबले यो फिल्म यस वर्षको हिट बन्ने सम्भावना प्रवल छ । अमर कौशिकले फिल्मको एक्सन-कट गरेका हुन् ।

हिन्दीसँगै तमिल र तेलुगू भाषामा पनि एकसाथ प्रदर्शनमा आएको फिल्ममा वरुण धवन र कृति सेननका अलावा अभिषेक बनर्जी र दीपक डोबरियालको पनि महत्त्वपूर्ण भूमिका छ । कमेडी-हरर जनरामा निर्माण भएको फिल्मको भिएफएक्स र छायांकन पक्षको प्रशंसा भइरहेको छ भने वरुणले अभिनयमा वाहवाही बटुलेका छन् । दर्शकलाई यस फिल्मको कन्सेप्ट नवीन र पृथक लागेको छ ।

## सलोनको बिहेले जुराएको अनमोल र सलिनको पहिलो भेट

काठमाडौं/फिल्ममा डेब्यूको हिसाबले अनमोल केसीले सलिनमान बनियाँभन्दा दुई-चारवटा भोटो अगाडि नै फटाएका हुन् । अनमोलले सन् २०१४ मा 'होस्टेल'बाट डेब्यू गरेका थिए भने सलिनको डेब्यू सन् २०१७ मा 'ए मेरो हजुर २'बाट भयो ।



दुवै डेब्यू फिल्मबाटै स्टार बने । युवापुस्तामा उनीहरुको लोभलाग्दो क्रेज छ । र, मिडियाले उनीहरुलाई एकअर्काको प्रतिस्पर्धीको रुपमा लिने गरेको छ ।

२०७५ सालमा एउटा रोचक संयोग जुऱ्यो । कहिल्यै एकअर्कासँग भेट नभएका यी दुई स्टारको फिल्म एकै मितिमा जुध्न पुगे । चैत २९ गते अनमोल अभिनीत 'ए मेरो हजुर ३'सँग सलिनमानको दोस्रो फिल्म 'यात्रा' जुधेको थियो । यो प्रतिस्पर्धामा जित अनमोलको भयो । यसपछि सलिनमानले फिल्ममा काम गरेका छैनन् । अनमोलको भने 'ए मेरो हजुर ४' पनि हलमा रिलिज भइसकेको छ ।

पहिलो पटक सोमवार अनमोल र सलिनबीच भेट भएको छ । भेट अरु कहिँ होइन, अभिनेता सलोन बस्नेतको विवाहमा भएको हो । चन्द्रागिरि हिल्स रिसोर्टमा भएको विवाह समारोहमा सहभागी हुने क्रममा उनीहरु आमने-सामने भएका हुन् । भेट हुँदा उनीहरु एकअर्कासँग तर्किएनन् । हात मिलाउँदै अंकमाल गरे । घर फर्किने क्रममा अनमोल र सलिनबीच लामै संवाद पनि भएको थियो ।

अनमोल र सलिमान एकसाथ देखिँदा दुवैका प्रशंसकहरुमा खुसीको सीमा छैन । उनीहरु दुवै सलोनसँग निकै नजिक छन् । केही फिल्ममा एकसाथ काम गरेकाले पनि उनीहरुबीच बलियो मित्रता छ । सलिनमान त केही दिनदेखि सलोनको विवाहकै रमझममा रमाइरहेका छन् ।

विवाहपूर्व भएको मेहेन्दी कार्यक्रममा सलिनको काँधमा चढेर सलोनले नाचेको भिडियो यतिबेला भाइरल छ ।

## गठबन्धनको...

कांग्रेस र माओवादी २०५२ सालदेखि २०६२ सालसम्म चलेको सशस्त्र द्वन्द्वमा एकअर्काप्रति साह्रै असहिष्णु रहेका कारण आम मतदाताले केन्द्रको गठबन्धनलाई सहजै नस्विकारेका हुन् । तर पनि पार्टी निर्देशन मान्न संगठित सदस्यहरू तयारै थिए । लोकतान्त्रिक अभ्यास भइरहेको हाम्रोजस्तो खुला समाजमा आंशिक रूपमा मत ट्रान्सफर नहुनु स्वाभाविक हो । एमालेले पनि वैचारिक विरोधाभास बीच राप्रपासँग गठबन्धन गरेको पार्टी कार्यकर्ताले स्विकारे पनि मतदाताले स्विकारेनन् । मधेशप्रति कटु आलोचक रहेका ओलीले निर्वाचनको मत आफ्नो पक्षमा पार्न जसपासँग गठबन्धन गरे पनि त्यो उपलब्धिमूलक हुन सकेन ।

आफ्नै पार्टीको उम्मेदवार हुँदा पनि अन्तर्घात हुने कांग्रेसको पुरानो रोग नै हो । बहालवाला प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई आफ्नै पाटीको अन्तर्घातका कारण पराजित भएको इतिहास ताजै छ । अन्तर्घातको यो रोग पछिल्ला वर्षहरूमा एमाले र माओवादीमा पनि सरिसकेको छ । एकीकृत समाजवादीका नेताहरू एमालेबाट दूरीमा रहे पनि कार्यकर्ताहरूको सूर्यमोह भंग भइसकेको छैन । अर्कातिर, उम्मेदवारी छनोट र सिट बाँडफाँटमा भएको मनोमानी र हैकमवादले गठबन्धनका सम्भावित र सुरक्षित सिटहरू गुमेका हुन् । ओलीले पार्टीभित्रका आलोचक नेताहरू भीम रावल, घनश्याम भुसालहरूलाई कित्ताकाट गर्दा क्षति भोग्नुपऱ्यो । सहरी क्षेत्रमा माओवादी २०७० सालदेखि नै कमजोर साबित भएको थियो । आफ्नो जनमत नभएको जान्दाजान्दै काठमाडौंका तीन क्षेत्रमा माओवादीले उम्मेदवार उठाइछाड्ने ढिपीका कारण यी क्षेत्रहरू रास्वपाको पोल्टामा पुगेका हुन् । सोलुखुम्बुमा माओवादीको जित्ने सम्भावना हुँदाहुँदै कांग्रेसमा कोइराला समूहले बलबहादुर केसीलाई टिकट दिनैपर्ने अडान राखेका कारण सिट गुमेको हो । एकीकृत समाजवादीले आफ्नो मत नै नभएको पाल्पामा उम्मेदवार बनाएको थियो । यी केही उदाहरण मात्रै हुन्, देशैभरि यस्ता दृष्टान्त अनेकौं छन् । जहाँ जुन पार्टीको अत्यधिक मत छ त्यहाँ अर्को पार्टीको उम्मेदवार उठ्दा मत शतप्रतिशत ट्रान्सफर हुँदैन भन्ने बुझ्न नसक्नु कमजोरी हो ।

निर्वाचनअघि सत्ता गठबन्धनको बैठकमा कांग्रेस महामन्त्री गगन थापाले यो विषयलाई निकै चर्को रूपमा उठाएका थिए तर त्यसको सुनुवाइ भएन ।

माओवादी र एकीकृत समाजवादीले चुनावी परिणामको वस्तुनिष्ठ समीक्षा गर्नुको साटो कांग्रेसलाई तर्साउने र एमालेलाई फकाउने रणनीति एकसाथ अपनाइ रहेका छन् । निर्वाचनको पूर्वसन्ध्यामा एमालेविरुद्ध दिएका अभिव्यक्तिहरू बिर्सिएर माओवादी तथा एकीकृत समाजवादीले जनताप्रति गैरजिम्मेवार भएको सन्देश प्रसार गरेका छन् ।

सत्तारूढ र विपक्षी दुवैले के बिर्सनु हुँदैन भने, ताजा जनादेशमा गठबन्धनको एकएक मतको हिसाब जोडिएको छ । त्यसलाई तोड्नु भनेको जनमतको उपेक्षा गर्नु हो ।

*(साभार:ई-कान्तिपुर)*


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*


# विश्वकप-२०२२

## एक खेल अगावै अन्तिम १६ मा पुग्यो पोर्चुगल

काठमाडौं/ब्रुनो फर्नान्डेजको दुई गोलप्रेरित पोर्चुगल समूह 'एच'मा उरुग्वेलाई २-० को नतिजामा पराजित गर्दै फिफा विश्वकपको प्रि-क्वार्टरफाइनलमा पुगेको छ । लुसेल रंगशालामा सम्पन्न खेलको ५४औं मिनेटमा फर्नान्डेजले गरेको गोलसँगै पोर्चुगलले अग्रता लिएको थियो।



पहिलो हाफ गोलविहीन भए पनि दोस्रो हाफमा पोर्चुगलले दुई गोल गर्दै सुरुआती दुई खेलबाट ६ अंकसहित अन्तिम १६ को यात्रा तय गर्यो। निर्धारित समयको अन्तिम मिनेटमा उरुग्वेका जोसे मारिया गिमिनेजले पेनाल्टी एरियामा ह्यान्ड गरेपछि जित सुनिश्चित गर्ने मौका पाएको थियो।

सोही पेनाल्टीमा पोर्चुगलका लागि दोस्रो गोल गर्दै फर्नान्डेजले २-० को जितसहित पोर्चुगललाई एक खेल अगावै समूह चरण पार गराए ।

पोर्चुगल चार वर्षअघि यही दक्षिण अमेरिकी मुलुकसँग पराजित हुँदा अन्तिम १६ बाटै बाहिरिएको थियो। सन् २०१८ को रुस विश्वकपमा एडिन्सन काभानीको दुई गोलको मद्दतमा उरुग्वेले २-१ को नतिजामा पोर्चुगललाई पराजित गर्दै क्वार्टरफाइनलमा स्थान बनाएको थियो। सोही पराजयको बदला पोर्चुगलले लिएको छ । क्वार्टर फाइनलमा त्यही संस्करणको विजेता बनेको फ्रान्ससँग २-० को नतिजामा पराजित हुँदा दुई पटकको विश्व विजेता उरुग्वे पनि घर फर्किएको थियो।

समूह चरणको एक अगावै नकआउट चरणमा पुग्ने पोर्चुगल तेस्रो टिम बनेको छ । साविक विजेता फ्रान्स र पाँच पटकको च्याम्पियन ब्राजिल यसअघि नै नकआउटमा पुगिसकेका छन् । पहिलो खेलमा घानालाई ३-२ को नतिजामा पराजित गरेको पोचुगलले समूह चरणको अन्तिम खेलमा दक्षिण कोरियाको सामना गर्नेछ ।

पहिलो खेलमा दक्षिण कोरियासँग गोलरहित बराबरीमा अल्झिएको उरुग्वेले अन्तिम खेलमा घानाको सामना गर्नेछ ।

## दक्षिण कोरियामाथि घानाको रोमाञ्चक जीत



काठमाडौं/मोहमोद कुडुसको दुई गोल मद्दतमा घानाले समूह एचको खेलमा आइतबार दक्षिण कोरियालाई ३-२ ले पराजित गर्दै कतारमा जारी विश्वकपको नकआउट चरणमा पुग्ने सम्भावना कायम राखेको छ ।एजुकेसन सिटी स्टेडियममा भएको खेलमा कोरियाका लागि चो गुए सोङले दुई गोल गरे पनि हार टार्नलाई पर्याप्त भएन । घानाका लागि अर्को गोल मोहमेद सालिसुले गरे ।

पहिलो खेलमा पोर्चुगलसँग पराजित भएको घानाले पाँच गोलको थ्रीलर खेलमा कोरियामाथि रोमाञ्चक जितसहित पहिलो ३ अंक जोडेको छ । दुई खेलबाट ३ अंकसहित घाना दोस्रो स्थानमा उक्लेको छ ।

पहिलो खेलमा उरुग्वेसँग बराबरी खेलेको कोरियाको भने यो पहिलो हार हो । दुई खेलबाट १ अंक मात्र रहेको कोरियाका लागि अन्तिम १६ को यात्रा कठिन बन्दै गएको छ । मोहमद सालिसुले २४औं मिनेटमा गोल गर्दै घानालाई पहिले अग्रता दिलाएका थिए । त्यसको दश मिनेटपछि कुडुसले गोल गर्दै घानालाई दुई गोलको अग्रता दिलाए ।

पहिलो हाफमा दुई गोलले पछि परेको कोरिया दोस्रो हाफमा दुई मिनेट अन्तरमा सोङले दुई गोल गरेपछि खेलमा फर्किएको थियो । सोङले ५८औं र ६१औं मिनेटमा गोल गर्दै खेल २-२ को रोमाञ्चक स्थितिमा पुऱ्याएका थिए । तर खेलको हिरो बनेको कुडुसले ६८औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै घानालाई ३-२ को अग्रता दिलाए ।

त्यसपछि कोरियाले बराबरी गोल फर्काउन संघर्ष गरेपनि सफल भएन । रेफ्रीले खेल सकिएको सिट्ठी बजाएपछि कर्नर नदिएको आक्रोसमा रेफ्रीसँग वादविवाद गरेका कोरियाका प्रशिक्षक पाउलो बेन्टोले रातो कार्ड पाए । इंग्लिस रेफ्री एन्टोनी टेलरले कोरियाले कर्नर पाउने बेला खेल सकिएको सिट्ठी बजाएका थिए ।

## स्वीट्जरल्याण्डलाई हराउँदै ब्राजिल अन्तिम-१६ मा प्रवेश



काठमाडौं/कासेमिरोको निर्णायक गोल मद्दतमा स्वीट्जरल्याण्डलाई १-० ले पराजित गर्दै ब्राजिल कतारमा भइरहेको फिफा विश्वकप २०२२ को अन्तिम १६ मा स्थान पक्का गरेको छ ।

स्टेडियम ९७४ मा भएको समूह जीको यो खेलमा ब्राजिलका लागि खेलको अन्त्यतिर कासेमिरोले रोड्रिगोको पासमा गोल गरेका थिए ।

त्यसअघि कासेमिरोको पासमा भिनिसियस जुनियरले ६४औं मिनेटमा गोल गरे पनि भिडियो असिस्टेन्ट रेफ्री (भीएआर)ले त्यसलाई अफसाइड भन्दै मान्यता दिएन ।

पहिलो खेलमा सर्वियालाई २-० ले पराजित गरेको ब्राजिल लगातार दुई जितपछि समूह जीबाट नकआउट चरणमा प्रवेश गरेको हो । समूहमा एक खेल खेल्न नै बाँकी रहेको ब्राजिल नकआउट चरण पुग्ने दोस्रो टिम बन्यो । यसअघि साविक विजेता फ्रान्स समूह डी मा लगातार दुई खेल जितेर नकआउट चरणमा पुगिसकेको छ ।

ब्राजिलले अब समूहको अन्तिम खेल क्यामरुनसँग खेल्नेछ । सोमबारै भएको खेलमा क्यामरुन र सर्वियाले ३-३ को बराबरी खेल्दै अंक बाँडेका थिए ।

उता पहिलो खेलमा क्यामरुनलाई हराएको स्वीट्जरल्याण्डले भने अन्तिम १६ मा पुग्न समूहको अन्तिम खेल पर्खनुपर्ने भएको छ । स्वीट्जरल्याण्डले समूहको अन्तिम खेल सर्वियासँग खेल्नेछ ।

## बराबरीले क्यामरुन र सर्विया दुवैलाई घाटा

काठमाडौं/कतारमा जारी फिफा विश्वकपमा समूह जी का सर्विया र क्यामरुनले ३-३ गोलको बराबरी खेल्दै अंक बाँडेका छन् ।



समूहको आफ्नो पहिलो खेल गुमाएका दुवै टिमका लागि यो बराबरीले नकआउट प्रवेश लक्ष्यमा घाटा हुन सक्छ ।

अल जानोब रंगशालामा दुवै टिमले अग्रता जोगाउन सकेनन् । २९औं मिनेटमा जिन क्यास्टेलेट्टोले गोल गरेपछि क्यामरुनले अग्रता बनाएको थियो । तर, पहिलो हाफको इन्जूरी समयमा दुई मिनेटको अन्तरमा दुई गोल गरी सर्विया खेलमा फर्कियो ।

इन्जूरी समयको पहिलो मिनेटमा दुसान ट्याडिकको पासमा स्टारिन्जा पाब्लोभिचले बराबरी गोल गरे । त्यसको दुई मिनेटपछि मिलान्कोभिच सेभिचले अर्को गोल गर्दा सर्वियाले पहिलो हाफमा २-१ को अग्रता बनायो ।

दोस्रो हाफमा खेलमा थप तीन गोल सम्भव भयो । ५३औं मिनेटमा अलेक्जान्दर मित्रोभिचले गोल गर्दा सर्वियाले ३-१ को अग्रता बढायो । तर, तीन मिनेटको अन्तरमा दुई गोल फर्काउँदै क्यामरुनले ६६औं मिनेटमा खेल बराबरीमा ल्यायो । ६३औं मिनेटमा भिन्सेन्ट अबुवाकर र ६६औं मिनेटमा चुपो मोटिङले गोल गरेका हुन् ।

यो बराबरीसँगै दुवै टिमले समूहमा अंकको खाता खोलेका छन् । तर, दुई खेलमा १ अंक जोडेका यी टिमका लागि नकआउट चरणको यात्रा निकै कठिन हुनसक्छ ।


**"तपाई, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: *www.sajhakuranews.com* सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

# २ नं. वडा बालमैत्री घोषणाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ हेटौंडा उपमहानगरपालिकाको २ नम्बर वडालाई बालमैत्री वडाका रुपमा घोषणा गर्ने तयारी अघि बढेको छ ।

हेटौंडालाई नै बालमैत्री घोषणा गर्ने अभियानअन्तर्गत् वडा कार्यालयहरु बालमैत्री घोषणाको तयारी भइरहेको हो । २ नम्बर वडाले बालमैत्री घोषणाका लागि सरोकारवाला निकायहरुबीच अभिमुखीकारण कार्यक्रम गरेको छ । २९ भदौ २०८० भित्र हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको तयारी थालिएको हो । हेटौंडा उपमहानगरपालिकालाई भने २०८० मंसिर मसान्तसम्म बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणाको तयारी छ । जसका लागि एक वर्षभित्र नगरका १९ वटा वडालाई बालमैत्री घोषणा गर्न लागिएको हो । आइतबार १ नम्बर वडा कार्यालयमा अभिमुखीकरण कार्यक्रम गरिएको थियो ।



सोमबार २ नम्बर वडा कार्यालयको आयोजना तथा हेटौंडा उपमहानगरपालिका कार्यालय र प्लान इन्टरनेशल नेपाल तथा राडो नेपालको सहकार्यमा अभिमुखीकरण कार्यक्रम भएको छ । वडा अध्यक्ष बिष्णु गोपाल महर्जनको अध्यक्षतामा भएको अभिमुखिकरण कार्यक्रममा सहभागी सबै जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, टोल विकास संस्थाका अध्यक्ष, युवा क्लब, बाल क्लब सञ्जाल, विद्यालयका प्रधानाध्यापक तथा विव्यस अध्यक्षहरु, महिला स्वयम्सेविका, स्वास्थ्य कार्यालय प्रमुख, विद्यार्थी, पत्रकार, व्यवसायीहरुले सामूहिकह रुपमा प्रतिबद्धता जनाएका हुन् ।

वडा अध्यक्ष महर्जनले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा सामाजिक रुपान्तरणको महाअभियान भएकाले सम्पूर्ण वडावासीलाई लाग्न आग्रह गरे । विकासको सूचक भौतिक मात्रै नभई सामाजिम पनि भएकाले सबै यो महाअभियानमा लाग्न उनले आग्रह गरेका छन् । उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईले हेटौंडा उपमहानगर पालिकालाई २०८० मंसिर सम्ममा बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्न समय सीमा निर्धारण गरिएको जानकारी दिए ।

नीति, कार्यक्रम, बजेट व्यवस्थापन र जनजागण, सरोकार वालाई एकिकृत गरेर अगाडि बढाउने काममा लागि लागेको बताउँदै उनले तयारी द्रुत गतिमा अगाडि बढाएको जानकारी दिए । बालबालिकासँग जोडिएको यो अभियान हरेक घर धुरीको तह र तप्का संलग्न हुनुपर्नेमा जोड दिर्दै उनले सम्पूर्ण नगरवासीको दायित्व भएकाले एक ढिक्का भएर अभियानमा लाग्न आग्रह गरे ।

महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णु कुमारी लामिछानेले कार्यक्रमको उदेश्यबारे प्रकाश पारेकी थिइन् । उनले १ देखि १९ वडामा वडा स्तरीय अभिमुखीकरण कार्यक्रम संचालन गरिने जानकारी दिइन् । भदौं ५ गते सामुहिक प्रतिवद्धता भए बमोजिम काम सुरु गरिएको हो, उनले थपिन् ५१ वटा सूचकहरुमा सबै मिलेर काम गर्नुपर्छ । उक्त अवधिसम्म बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउन पूरा गर्नुपर्ने सबै ५१ वटा सूचकहरु पूरा गर्न सरोकारवालाहरु सहमत भएका हुन् । कार्यक्रममा सहजीकरण गर्दै बालमैत्री स्थानीय शासन सहजकर्ता विष्णु चौबेले बालमैत्री स्थानीय शासन अबलम्बन गर्दा सिङगो पालिकाको कार्यक्षमतामा बढोत्तरी हुने बताए ।

उनले संविधानको भाग ३ मौलिक हकअन्तर्गत् धारा ३९ र स्थानीय शासन सञ्चालन ऐन, २०७४ परिच्छेद ३ दफा १२ को (ग) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र कार्यविधि २०७९ बमोजिम हेटौंडा उपमहानगरपालिकाको बालबालिका सम्बन्धी विभिन्न नीति, कार्यविधि बमोजिम वडालाई बालमैत्री घोषणा गर्न लागिएको बताए ।

मकवानपुरका १० स्थानीय तहमध्ये मनहरी, बकैया र मकवानपुरगढी बालमैत्री घोषणा भइसकेका छन् । हेटौंडा सहित कैलाश, भीमफेदी, राक्सिराङ गाउँपालिकाले पनि बालमैत्री घोषणाको तयारी गरिरहेका छन् ।

# मकवानपुरमा ३१ हजार मत बदर

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ मंसिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा मकवानपुरमा ठुलो संख्यामा मत बदर भएको छ ।



गत आईतबार सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको प्रत्यक्ष र समानुपातिकतर्फ मकवनानपुरमा ३१ हजारभन्दा बढि मत बदर भएको हो । मकवानपुरमा प्रतिनिधिसभातर्फका दुई निर्वाचन क्षेत्र र प्रदेश सभातर्फका चार वटै निर्वाचन क्षेत्रमा ३१ हजारभन्दा बढि मत बदर भएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । कार्यालयको अनुसार जिल्लामा एक लाख ७८ हजारको हाराहारीमा मत खसेकोमा ३१ हजार ४ सय ७४ मत बदर भएको छ ।

प्रत्यक्षतर्फ मकवानपुरको प्रतिनिधिसभा १ १ मा ९१ हजार ४ सय ८९ मत खसेकोमा ४ हजार ५८ मत बदर भएको कार्यालयले जनाएको छ । प्रदेशसभाको प्रत्यक्षतर्फ मकवानपुर १ को (क) मा ४६ हजार २ सय ३० मत खसेकोमा १ हजार ६ सय ६३ मत बदर भएको छ । निर्वाचन क्षेत्र नम्बर १ को (ख) मा ४५ हजार ८० मत खस्दा १ हजार ५ सय ४ मत बदर भएको छ ।

प्रतिनिधि सभाको समानुपातिकतर्फ मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा ९१ हजार ५ सय २७ मत खसेकोमा ३ हजार ५ सय ८२ मत बदर भएको छ भने ८७ हजार ९ सय ४२ मत सदर भएको छ । प्रदेशसभा समानुपातिकतर्फ मकवानपुर क्षेत्र नम्बर १ को (क) मा ४५ हजार ७५ मत खसेकोमा १ हजार ६ सय ९८ मत बदर भएको छ भने ४३ हजार ३ सय ६ मत सदर भएको छ । यस्तै, प्रदेशसभा समानुपातिकतर्फ १ को (ख) मा ४६ हजार १२ मत खसेकोमा २ हजार ३ सय ९५ मत बदर भएको छ ।

प्रतिनिधिसभाकै प्रत्यक्षतर्फ मकवानपुर क्षेत्र नम्बर २ मा ८६ हजार ३ सय १ मत खसेकोमा ४ हजार १ सय २ मत बदर भएको छ । प्रदेशसभाको प्रत्यक्षतर्फ २ को (क) मा ४५ हजार ८ सय ५३ मत खसेकोमा १ हजार ५ सय ९९ मत बदर भएको छ । यस्तै, प्रदेश सभा २ को (ख) मा ४३ हजार ३ सय २९ मत खसेकोमा १ हजार ४ सय ९४ मत बदर भएको छ । प्रतिनिधिसभाको समानुपातिकतर्फ ८६ हजार ३ सय ३८ मत खसेकोमा ४ हजार १ सय १४ मत बदर भएको छ भने ८२ हजार २ सय २४ मात्रै सदर भएको छ ।

प्रदेशतर्फ ८६ हजार ३३ मत खसेकोमा ५ हजार २ सय ६६ मत बदर भएको छ भने ८० हजार ७ सय ६७ मत मात्र सदर भएको छ । मकवानपुरमा मंसिर ४ को निर्वाचनमा ३ लाख ७ सय ३३ मतदाता मध्ये १ लाख ७८ हजार २ सय ८२ जनाले मात्र मतदान गरेका थिए । जुन करिब ५९ प्रतिशत हो ।

बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख लुम्बनाथ पोखरेलले बढी बदर मतमा मतदाताहरुले मतपत्रमा भएको सबै चुनाव चिन्हमा छाप लगाउने र कुनै छापै नलगाएको पनि पाइएको जानकारी दिए ।

# नवनिर्वाचित सांसदहरुलाई जिससको स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ प्रतिनिधि सभा र प्रदेश सभा सदस्यमा नवनिर्वाचितहरुलाई जिल्ला समन्वय समिति मकवानपुरले स्वागत, बधाई तथा शुभकामना दिएको छ ।

सोमबार एक कार्यक्रमको आयोजना गर्दै समितिले मंसिर ४ गते भएको निर्वाचनमा मकवानपुरबाट निर्वाचित प्रतिनिधि सभा र प्रदेश सभा सांसदहरुलाई स्वागत, बधाई तथा शुभकामना दिएको हो ।

समन्वय समितिका प्रमुख ललित घलानको अध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रतिनिधि सभा सदस्य क्षेत्र नम्बर १ का दीपक बहादुर सिंह, क्षेत्र नम्बर २ का महेश बर्तौला, प्रदेश सभा सदस्य क्षेत्र नम्बर १(क) का प्रेम बहादुर पुलामी, १(ख)का एकालाल श्रेष्ठ, २ (क) का कुमारी मोक्तान र २ (ख)का ईन्द्र बहादुर बानियाँलाई स्वागत तथा सम्मान गरिएको थियो । कार्यक्रममा ईन्द्रसरोबर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनी, मकवानपुर गढी गाउँपालिकाका दोर्जे लामा स्याङ्तान, थाहा नगरपालिकाका उपमेयर भरत गोपाली, प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डे, शसत्र प्रहरी उपरिक्षक तेज बहादुर कार्की लगायतको उपस्थिति रहेको थियो ।

# सहमतिपछि खुल्यो सडक

हेटौंडा, १२ मंसिर/ हेटौंडा-६ गौरिटारमा गत शुक्रबार सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु र एक जना गम्भिर घाइते भएको घटनामा पीडक पक्षले वेवास्था गरेको भन्दै सडक जाम गरिएको छ ।

हेटौंडा उपमहानगर पालिका-१८ हर्नामाडीमा सोमबार बिहान पीडित पक्षले मदनभण्डारी राजमार्ग (धरान-चतरा-हेटौंडा) सडक खण्डमा चक्काजाम गरेका थिए । स्थानीयले उक्त सडक खण्डबाट चल्ने केही सवारीसाधनमा तोडफोड समेत गरेका थिए । दुर्घटनाबाट मृत्यु भएकाको हकमा क्षतिपूर्ति नदिएको र घाइतेको उपचारमा सहयोग नगरेको भन्दै आक्रोशित समूहले सडकमा आन्दोलन चर्काएको थियो । समोबार दिउसोसम्मै सडक अवरोध बनाइएको थियो । ठूलो संख्यामा प्रहरी परिचालन गरेर स्थिति नियन्त्रणमा लिइएको थियो ।

सोमबार नै पीडित पक्ष र पीडक पक्षबीच मृतकको हकमा कानुनबमोजिम क्षतिपूर्ति दिने र घाइतेको उपचार गर्ने सहमतिपछि सडक खुलाइएको थियो । हेटौंडा बजारबाट हर्नामाडीतर्फ जाँदै गरेको ना ४७ प ३०४४ नम्बरको मोटर साइकल र फुर्केचौरबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना ४ ख ९००२ नम्बरको बस ठोक्किँदा मोटर साइकलमा सवार हेटौंडा-१८ का २८ वर्षीय आशिष ढकालको मृत्यु भएको थियो । मोटरसाइकलमै रहेका २९ वर्षीय दिपु लामा भने गम्भीर घाइते भएका थिए । लामाको काठमाडौंस्थित मेडिसिटी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । लामालाई हेलिकप्टरबाट उपचारका लागि काठमाडौं लगिएको थियो । मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले मृतक पक्षलाई ५ लाख क्षतिपूर्ति दिने र घाइतेको उपचारमा लागेको सबै खर्च व्यहोर्ने सहमति भएपछि अवरोध खटेको जानकारी दिए ।


## हार्दिक बधाई तथा शुभकामना



यही मिति २०७९/८/१० मा चौघडा बचत तथा ऋण सहकारी संस्थाको १४ औं वार्षिक साधारणसभाबाट अध्यक्ष जस्तो गरिमामय पदमा दाजु **विजय कुमार श्रेष्ठ** निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

भानुभक्त चौलागाईं (प्रोप्राइटर) एवम्
**न्यू त्रिमुर्ती छापाखाना परिवार**
हेटौंडा, मकवानपुर

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरु:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## प्राइम लाइफ

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरासमेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| ०१. | १२५०००१९५१ | राम वहादुर श्रेष्ठ | हेटौडा-०५, मकवानपुर |

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८०२९००३१६, ९८०२६३१६६४

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना